१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "नेपाल शिक्षा सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (दोस्रो संशोधन) नियमहरू, २०६९" रहेकोछ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **नेपाल शिक्षा सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५० को नियम ८ मा संशोधन :** नेपाल शिक्षा सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५० (यसपछि "मूल नियमहरु" भनिएको) को नियम ८ मा रहेका "सरुवा गर्दा" भन्ने शब्दहरु पछि "ऐनको परिच्छेद-४ र" भन्ने शब्दहरु थपिएका छन् ।

३. **मूल नियमहरुको नियम ९ मा संशोधन :** मूल नियमहरुको नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छ :-

"९. **शैक्षिक योग्यता सम्बन्धी व्यवस्थाः** कर्मचारी बढुवा हुनको लागि ऐनको दफा २४घ. बमोजिमको शैक्षिक योग्यता आवश्यक पर्नेछ ।

तर संवत् २०५० साल माघ १८ गते भन्दा अघि सेवा, समूह तथा उपसमूहमा वहाल रहेका कर्मचारीहरुको हकमा निजलाई त्यस्तो सेवा, समूह तथा उपसमूहमा प्रवेश गर्न तोकिएको शैक्षिक योग्यता नै यस नियमको प्रयोजनको निमित्त न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।"

४. **मूल नियमहरुको नियम १० मा संशोधन :** मूल नियमहरुको नियम १० मा रहेका "शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालयले" भन्ने शब्दहरुको सट्टा "शिक्षा मन्त्रालयले" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. **मूल नियमहरुको अनुसूचीमा संशोधन** : मूल नियमहरुको,-

(१) अनुसूची-१ को क.सं. १ को खण्ड (ख) झिकिएकोछ ।

(२) अनुसूची- २ को,-

(क) दोस्रो कोलमको खण्ड (क) अध्यापन समूह अर्न्तगत रहेको उपखण्ड (ख) झिकिएको छ ।

(ख) तेस्रो कोलमको खण्ड (ख) शिक्षा प्रशासन समूह अन्तर्गत प्रकरण ४ पछि देहायको प्रकरण ५ थपिएको छ :-

"५. रा.प.अनं. द्वितीय श्रेणीमा रहने पद

निरीक्षण उपसमूह

नायव प्राविधिक सहायक"

(३) अनुसूची-३ को,-

(क) खण्ड (ख) को क्र.सं १ को उपखण्ड (ख) झिकिएकोछ ।

(ख) खण्ड (ग) को,-

(१) क्र.सं १ को उपखण्ड (क) झिकिएको छ ।

(२) क्र.सं. २ को उपखण्ड (क) को सट्टा देहायको उपखण्ड (क) राखिएकोछ :-

| क्र.सं | समूह, उपसमूह | पद | शैक्षिक योग्यताको विषय र स्तर |
|---|---|---|---|
| "(क) | शिक्षा प्रशासन समूह निरीक्षण उपसमूह | नायव प्राविधिक सहायक | मान्यताप्राप्त शिक्षण संस्थाबाट एस.एल.सी.वा सो सरह उत्तीर्ण भई दश महिने शिक्षा तालीम प्राप्त" |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. **पद स्वतः परिणत भएको मानिने:** यी नियमहरु प्रारम्भ हुंदाका बखत सेवाको अध्यापन समूह, माध्यमिक शिक्षा उपसमूह रा.प.तृतीय श्रेणी, ग्याजेटेड सिभिल माष्टर, रा.प.अनं. प्रथम श्रेणी सिभिल माष्टर र रा.प. अनं. द्वितीय श्रेणी सिभिल माष्टरको पद र सो पदमा कार्यरत कर्मचारीहरु यी नियमहरु प्रारम्भ भएपछि सेवाका शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूहको क्रमशः विद्यालय निरीक्षक, प्राविधिक सहायक र नायव प्राविधिक सहायक पदमा स्वतः परिवर्तन भएको मानिनेछ ।

**आज्ञाले,**

**सुरेश मान श्रेष्ठ**

**नेपाल सरकारको सचिव**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।